वैठक संख्या:-१३७

आज मिति २०८२/१२/५ गते विहिबार विहान ठिक ९:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | रवेन्द्र प्रसाद तिवारी |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | मोहनलाल शर्मा |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | इन्सान अली |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | चन्द्रा |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | प्रेमा |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | मानती |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | शिरविन्दु |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | प्रभावती |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | गोविन्द |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री विनय कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुँवर | प्रशासकीय अधिकृत | |
| ३ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| ४ | श्री राजेश कुमार शैनी | ईन्जिनियर | |
| ५ | श्री गोकर्ण वहादुर खड्का | वरिष्ठ प्रशासन सहायक | |
| ६ | श्री भगवान दास गुप्ता | कृषि प्रसार अधिकृत | भगवान दास |
| ७. | श्री पदम राज श्रेष्ठ | प्र.अ. | |
| ८. | " शिव प्रसाद पाण्डे | कार्यालय सहायक | |

## मिति २०८२/१२/५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या १३७ बैठकका प्रस्तावहरु

१. आगामि नगरसभा सम्वन्धमा ।

२. विविध/समसामयिक ।

**निर्णयहरु**

१. मिति २०८२/११/२८ गते सम्पन्न भएको १३६ औ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. यस नगरपालिकाको मिति २०८२/९/२३ गतेको १३६ औ कार्यपालिकाले तोकेको मिति, समय र स्थान १९ औ नगरसभाको मिति तोकिएमा विविध कारणवंश स्थगित भएको १९ औ नगरसभा तपसिल बमोजिमको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल :-

मितिः- २०८२/१२/२५बुधवार

समयः- दिउसो ठिक ३:०० बजे

स्थानः- कपिलवस्तु नगरपालिकाको सभाहल

**विविध/समसामयिक**

१. आगामी आ.व.२०८३/०८४ को लागि तराई समृद्धि कार्यक्रम अन्तर्गत प्राथमिकता निर्धारण गरि लागत सहभागिताको आधारमा अधिकतम ३(तीन) वटा योजनाहरुको प्रस्ताव माग भएकोमा तपसील बमोजिमका योजनाहरु प्राथमिकता निर्धारण गरि प्रस्ताव गर्ने र सो क्रायर्कमको नियमानुसार लागत सहभागिता सुनिश्चित गर्ने निर्णय गरियो

**योजनाहरु**

| क्र.सं | योजनाहरुको नाम | प्राथमिकता | कैफियत |
|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन क.व.न.पा. | १ | |
| २ | सार्वजनिक सौचालय निर्माण तथा मर्म्मत | २ | |
| ४ | श्री शितलाबक्स मा.बि.बिद्यालय भवन निर्माण क.वा.न.पा.१० रेहरा | ३ | |

२. यस आ.व.मा राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्राप्त श्री बुद्ध पद्म मा.वि.को बिद्यालय भवन निर्माण कार्य उक्त विद्यालयको स्वीकृत गुरु योजना अनुसार प्राप्त रु. ५५,००,०००.००।- (पचपन्न लाख) रकम सोही कार्यक्रमको कार्यविधि बमोजिम सम्बन्धित विद्यालयहरूसँग सहकार्य गरी सञ्चालन गर्ने निर्णय गरियो।

३. यस पालिका अन्तर्गत सम्वन्धित उपभोक्ता समिति कार्यालय बीच सम्झौता भई निर्माणाधीन रहेको र पिपरहवा हुलाकी सडक नजिकको गेट बिबिध कारणबस समयमै सम्पन्न हुन नसकेकोले मिति २०८२/१२/३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

४. यस कपिलवस्तु नगरपालिका भित्र संचालित कृषि सहकारीहरुलाई अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि २०८२ को दफा १४ को उपदफा ३ मा बिक्रेता (सहकारी) ले मल

प्रमुख प्रशासकीय अधिकृत

वितरक कम्पनीवाट मल प्राप्त गरि बिक्री वितरण गरेको कारोवारको विवरण अनुसूची ७ बमोजिमको ढाँचामा तयार गरि स्थानीय तहवाट प्रमाणित गराउने भनि लेखिएकोमा हाल सम्म उक्त अनुसूची ७ बमोजिमको ढाँचामा स्थानीय तह मल वितरण व्यवस्थापन समितीको संयोजक तथा नगर उप-प्रमुखले विक्री वितरण गरेको कारोवारको विवरण प्रमाणित गर्दै आएकोमा उक्त विक्री वितरण गरेको कारोवारको विवरण अनुसूची ७ बमोजिमको ढाँचामा सम्बन्धित वडाको वडा अध्यक्षबाट नै प्रमाणित गर्ने निर्णय गरियो ।

५. सर्वोच्च अदालतबाट जारी भएको निवेदक नविन पौडेल समेतले विपक्षी बनाई यस कार्यालय उपर परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी पाँउ रिट निवेदनमा फाँट नं.रिट ६, रिट नं. ०८२-wo-को लिखित जवाफ कानुनी सल्लाहकारबाट तयार गर्न लगाई तोकिएको म्याद भित्र सम्मानित सर्वोच्च अदालतमा पेश गर्ने तथा उक्त कार्यको लागि यस कार्यालयका कर्मचारी सामाजिक परिचालक श्री मोहम्मद रफी धुनिया लाई मुद्धाको लिखित जवाफ दर्ता तथा तारेख लिन अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै उक्त मुद्धाको प्रतिरक्षा कानुनी सल्लाहकार वा निजको संयोजनमा अन्य कुनै कानुन ब्यबसायीबाट गर्ने गराउने निर्णय गरियो ।

६. यस कपिलवस्तु नगरपालिका वडा नं.१ स्थायी निवासी श्री दिनेश कहारको आफ्नै निवासमा लडी/चोटपटक लागी बाँया हात भाँचिएको (facture)हुँदा निजको आर्थिक अवस्था ज्यादै कमजोर रहेको हुँदा निजलाई आर्थिक सहायकता स्वरुप रु १०,०००।- (अक्षेरुपि दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

७. कपिलवस्तु नगरपालिका वडा नं.२ मौजा निवासी श्री विक्रम पासिको नाति रवि पासिलाई मिति २०८२/११/२८ गते नगरपालिका क्षेत्र भित्र रहेको भुस्याहा/बौलाहा/रेविज संक्रमित कुकुरहरुको आक्रमणमा परि लुम्विनि प्रादेशिक अस्पतालमा उपचारार्थ रहेको र निजको आर्थिक अवस्था निजको आर्थिक अवस्था ज्यादै कमजोर रहेको हुँदा निजलाई आर्थिक सहायकता स्वरुप रु १०,०००।- (अक्षेरुपि दश हजार मात्र) विपद घटनामा परेका परिवारहरुलाई राहत (खर्च शि.न.२७१२१) बाट उपलव्ध गराउने निर्णय गरियो ।

८. कपिलवस्तु नगरपालिका वडा नं.२ मौजा ठुलो बरगदवा निवासी श्री भगौती प्रसाद धोवीको छोरा अंकुश धोवीलाई मिति २०८२/११/२८ गते नगरपालिका क्षेत्र भित्र रहेको भुस्याहा/बौलाहा/रेविज संक्रमित कुकुरहरुको आक्रमणमा परि लुम्विनि प्रादेशिक अस्पतालमा उपचारार्थ रहेको र निजको आर्थिक अवस्था निजको आर्थिक अवस्था ज्यादै कमजोर रहेको हुँदा निजलाई आर्थिक सहायकता स्वरुप रु १०,०००।- (अक्षेरुपि दश हजार मात्र) विपद घटनामा परेका परिवारहरुलाई राहत (खर्च शि.न.२७१२१) बाट उपलव्ध गराउने निर्णय गरियो ।

९. आ.व.२०८२/०८३ को नि:शुल्क बिद्यालय शिक्षा व्यवस्थापन अनुदान स्विकृत बजेट रकम रु २,००,००,०००।- (अक्षेरुपि दुई करोड मात्र) विनियोजन गरिएकोमा यस कपिलवस्तु नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन/निरिक्षण गरि विद्यालयको माग/आवश्यकता औचित्य र आन्तरिक श्रोतको मूल्याङ्कन र विश्लेषण गरि शिक्षा युवा तथा खेलकुद शाखाले पेश गरेको प्रतिवेदनको आधारमा प्रतिवेदनमा उल्लेख भएको रकमको ८० प्रतिशत अनुदान स्वरुप सम्वन्धित विद्यालयमा पठाउने निर्णय गरियो ।

सुनिता पौडेल

प्रमुख प्रशासकीय अधिकृत